# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, भदौ २१ गते २०५९ साल (अतिरिक्ताङ्क ४२ (घ)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री पूर्णबहादुर खड्का विश्व व्यापार संगठनको सचिवालय, जेनेभामा नेपालसंगको व्यापारमा चाख राख्ने सदस्य राष्ट्रहरूसंग हुने द्विपक्षीय वार्ता तथा बैठकमा भाग लिने सिलसिलामा २०५९ साल भदौ २२ गते जेनेभातर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री श्री पाल्तेन गुरुङले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय स्वास्थ्य मन्त्री श्री शरतसिंह भण्डारी दक्षिण पूर्वी एशियाली राष्ट्र-हरूका स्वास्थ्य मन्त्रीहरूको बीसौं मन्त्रीस्तरीय बैठक र पचपन्नौं क्षेत्रीय समितिको बैठकमा भाग लिने सिलसिलामा २०५९ साल भदौ २२ गते इण्डोनेशियाको राजधानी जकार्तातर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको स्वास्थ्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के.सी. ले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C22